# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
## छब्बीसौं बैठक

आज मिति २०७५।०६।२३ गते शुक्रवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको छब्बीसौं बैठक नगरप्रमुख श्री डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

<u>उपस्थिति</u>

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिव कुमार कार्की - सचिव

अन्य उपस्थिती

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री टेकेन्द्र अधिकारी, शाखा अधिकृत

श्री सन्तोष कुमार चौधरी, शाखा अधिकृत

श्री वीरेन्द्र वाइबा, ना.सु.

**प्रस्तावहरु:**

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति सम्बन्धमा ।

२. विषयगत समिति सम्बन्धमा ।

३. बहुक्षेत्रीय पोषण सम्बन्धमा ।

४. खुला दिशामुक्त क्षेत्र अभियान सम्बन्धमा ।

५. विषयगत कार्यालयको वार्षिक कार्यक्रम सम्बन्धमा ।

६. सडक बोर्ड योजना छनौट सम्बन्धमा ।

७. **UIIP** को योजना छनौट सम्बन्धमा ।

८. आ.व.२०७५/०७६ को योजना सञ्चालन सम्बन्धमा ।

९. प्राविधिकका लागि सवारीसाधन (मोटरसाईकल) सम्बन्धमा ।

१०. विविध ।

निर्णय नं.(१): प्रस्ताव नं.१ मा छलफल गर्दा नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिव कु. कार्कीबाट उपमहानगरका समग्र गतिविधी, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्बन्धमा हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नं.(२): प्रस्ताव नं.२ मा छलफल गर्दा विषयगत समिति गठनका लागि आवश्यक गृहकार्य गरी आगामी वैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.(३): प्रस्ताव नं.३ मा छलफल गर्दा चालु आर्थिक वर्षमा बहुक्षेत्रीय पोषण कार्यक्रम यस उपमहानगरपालिकाका वडा नं. ७, १०, १८, २० र २१ (पाँच वटा) मा वडामा लक्षित समुदायवीच सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.(४): प्रस्ताव नं. ४ मा छलफल गर्दा खुला दिशामुक्त क्षेत्र घोषणा अभियान कार्यक्रम संचालन नभएका वडाहरुले सहयोगी संस्थाहरुसंग समन्वय गरी अगामी मशिर मसान्तभित्र पुरा गराउनका लागि प्रभावकारी रुपमा काम अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.(५): प्रस्ताव नं. ५ मा छलफल गर्दा यस उपमहानगरपालिका अन्तर्गतका विषयगत कार्यालयहरुको बजेट कार्यक्रम प्रस्तुत भयो । सो सन्दर्भमा विषयगत समितिमा व्यापक गृहकार्य गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.(६): प्रस्ताव नं.६ मा छलफल गर्दा सडक बोर्ड योजना अन्तर्गत तपसिल बमोजिम योजनाहरु छनोट गर्ने निर्णय गरियो:

(क) वडा नं. १४ महेन्द्र राजमार्गदेखि रजघट्टासम्म सडक

(ख) वडा नं. १७ र १८ जैतापुरदेखि लामिडाँडा हुदै मानमत मटिअर्वा सडक

(ग) वडा नं. ४, ५,८,९ र १० औराहा-फरहदवा-अरनिको-रमौली लोसण्डा सडक

(घ) वडा नं. ८, ९ र १० बलुवा बेहरा, छातापिपरा र रमौली लोसण्डा

निर्णय नं.(७): प्रस्ताव नं. ७ मा छलफल गर्दा एशियन इन्फास्ट्रक्चर डेभलपमेन्ट बैकको अर्वान इन्फास्ट्रक्चर इन्भेष्टमेन्ट प्रोजेक्ट **UIIP** कार्यक्रम अन्तर्गतका योजनाहरुका सन्दर्भमा तपसिल अनुसार प्राथमिकीकरण गर्ने निर्णय गरियो:

क) बाह्य चक्रपथ

ख) भित्री चक्रपथ

ग) सिमरा शपिङ कम्प्लेक्स

घ) जीतपुर शपिङ कम्प्लेक्स

ङ) जीतपुर, डुमरवाना, इनर्वासिरा जीतपुर, फत्तेपुर, जैतापुर, नितनपुर, अमलेखगञ्ज बजार व्यवस्थापन

च) पथलैया ट्रक तथा बस पार्क

छ) अमलेखगंज ट्रक तथा ट्र्याकर पार्क

ज) जीतपुर २०० शैय्या अस्पताल

झ) शिक्षा क्षेत्र सुधार कार्यक्रम

ञ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम

ट) स्वस्थ र पर्याप्त पानी व्यवस्थापन

ठ) आयआर्जन क्षेत्र

ड) वडा कार्यालय भवन निर्माण

ढ) स्वास्थ्यचौकी भवन निर्माणलगायत ।

निर्णय नं.(८): प्रस्ताव नं.८ मा छलफल गर्दा आ.व. २०७५/०७६ को योजना सञ्चालन प्रकृयालाई तीव्रताका साथ अघि बढाउन वडास्तरबाट उपभोक्ता समिति गठन गरी पठाउन मार्गनिर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं.(९): प्रस्ताव नं.९ मा छलफल गर्दा योजना सञ्चालनका क्रममा प्राविधिक कर्मचारीहरु फिल्डमा गईरहनु पर्ने हुँदा र हाल कार्यालयमा मोटरसाईकल अभाव भएकोले थान- ५ (पाँच) वटा मोटरसाईकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.(१०): विविध

(क) प्रस्ताव नं. १० मा छलफल गर्दा वडा नं.१ मा अवस्थित ईलाका प्रशासन कार्यालय भवन निर्माणको लागि यस उपमहानगरपालिका साबिक पिप्रासिमरा गाउपञ्चायतको नाममा रहेको विकासशिल क्लब रहेको वार्ड नं. १ को करीव ०-५-० (पाँच कट्ठा) जग्गामा वडा समितिकोसमेत सिफारिश भई आएकोले कानूनी परामर्श लिई आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

(ख)चालु आ.व. २०७५/०७६ मा सञ्चालनका लागि वडाबाट पेश भएका तपसिल बमोजिमका योजनाहरु संशोधनका लागि पेश भए बमोजिम आगामी नगरसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो

| क्र.सं. | विगतमा पेश भएको योजना | रकम रु. | संसोधन भएका योजना | रकम रु. | वडा |
|---|---|---|---|---|---|
| १ | स्थानीय संस्कृति झल्कने कार्यहरुमा सहयोग | ३८०,०००।०० | स्टयाण्डसहितको सडक बत्ती जडान | २००,०००।०० | १ |
| २ | दशैं, दिपावली, छठ, इद तथा दाहामेला कार्यक्रम | २५०,०००।०० | पुस्तकालय स्थापना | १००,०००।०० | ७ |
| ३ | अपाङ्गहरुलाई सहायक सामाग्री वितरण | ४,००,०००।०० | तिज विशेष कार्यक्रम | ३०,०००।०० | १५ |
| ४ | सानो बसडिलवा स्थित राजेश्वर साहको घर देखि सिंहासन गिरीको घरसम्मको बाटोमा नाला निर्माण | १००००००।०० | सानो बसडिलवा स्थित राजेश्वर साहको घर देखि सिंहासन गिरीको घरसम्मको बाटो ढलान कार्य | १००००००।०० | २० |
| ५ | बिन्दु शर्माको घर देखी पूर्व क्षेत्रीय बाटो सम्म पक्की ढलान | १००००००।०० | विक्रम निमावि थलिय देखि वडा नं.२० को सिमाना सम्म नयाँ बाटो निर्माण | १००००००।०० | २० |

(ग)उपमहानगरपालिकाका कर्मचारीहरुले विगतमा खाईपाई आईरहेको स्थानीय भत्ताको सम्वन्धमा छलफल भयो । सो सम्वन्धमा आवश्यक मापदण्ड बनाइ आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

(घ)बिगत आ.व.मा सम्झौता भई कार्यालय घर भाडा उपलब्ध गराउदै आईरहेको वडा नं.१,३,४,६,८,११,१४,१५,१६,१७,१९,२०,२३ र २४ का वडा कार्यालयहरुको घर भाडा सम्झौता चालु आ.व.२०७५/०७६ का लागि नवीकरण गर्ने निर्णय गरियो ।

(ङ) कार्यपालिका बैठक र विषयगत समितिहरुलगायत वडा कार्यालयको बैठकको बिगतमा दिइदै आएको भत्ता सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

(च)जिल्ला ट्राफिक प्रहरी कार्यालय,बाराबाट मांग भएबमोजिमको ट्राफिक सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

(छ)विगतमा जिल्ला शिक्षा कार्यालय,बाराको भौतिक पूर्वाधारको क्रमागत योजनाहरुलाई भुक्तानीको लागि मांग भई आएकोले आवश्यक प्रकृया पुरा गरी भुक्तानी दिने निर्णय गरियो ।

(ज)छिमेकी मुलुक चीनको सिन्चुवान प्रान्त सरकारबाट नगर प्रमुखज्यूलाई अक्टोवर २२ देखि २६ गतेसम्मका लागि भ्रमणका लागि निमन्त्रणा भएकोमा भ्रमण स्वीकृत गर्ने र सहमतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ अनुरोध गर्ने निर्णय गरियो ।

(झ)आशन्न बडादशै, दीपावली र छठलगायत चाडपर्वहरुलाई मध्यनजर गरी प्रति वडा रु. १ लाख सडक बत्ती जडानका लागि उपमहानगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

(ञ)उपमहानगरपालिका स्थितिपत्र अध्याविधक गर्ने र नगर यातायात गुरुयोजना निर्माण गर्नुका साथै विभिन्न ठुला योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

(ट)अन्तराष्ट्रिय श्रम संगठनको रोजगार प्रवर्द्धनको लागि सहकार्यको प्रस्ताव प्राप्त भएकोले आवश्यक प्रक्रिया पुरा गरी सम्झौता गर्ने निर्णय गरियो । सोका लागि नगरप्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

(ठ)यस उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य स्वयम्सेविकाहरुका लागि २ दिने छिमेकी जिल्ला भ्रमणको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

महान चांड बडादशै तथा महत्वपूर्ण चाडहरु दीपावली, छठ, ल्होसार, नेपाल सम्वत, म्हपूजा, मोहरमको अवसरमा जीतपुरसिमरा उपमहानगरवासी स्वदेश तथा विदेशमा रहनुहुने सबै नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## जीतपुरसिमरा उपमहानगरपालिका, जीतपुर

### चालु आ. व. २०७५/०७६ मा बहुक्षेत्रिय पोषण कार्यकम अन्तर्गत वडा नं. ७, १०, १८, २० र २१ मा संचालन हुने एकिकृत योजनाको विवरण

बार्षिक योजना ( २०७५/०७६ )

बजेट उपशिर्षक | बजेट रु. हजारमा

| क.स | विषयगत क्षेत्र/ क्रियाकलापहरु | संचालन गर्नेस्थान | लक्ष्य | ईकाइ | बजेट प्रति ईकाइ | कुल बजेट | कार्यान्वयन समयावधि ( चौमासिक ) | | | जिम्मेवारी | श्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो | दोश्रो | तेश्रो | | ने.स | न.पा | |
| | स्थानीय सुशासन | | | | | | | | | | | | |
| १ | नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | न. पा. | २ | पटक | ६० | १२० | | १ | १ | | १२० | | |
| २ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा समितिको गठन तथा पोषण सम्बन्धी अभिमुखिकरण | वडा स्तर | २० | पटक | १० | २०० | | २० | | | | २०० | |
| ३ | वडास्तरिय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक प्रत्येक वडामा दुई पटकको दरले | वडा स्तर | १० | वटा | ५ | ५० | | ५ | ५ | | | ५० | |
| ४ | संयुक्त अनुगमन | वडा स्तर | १० | वटा | ७ | ७० | | ६ | ४ | न.पा | ७० | | |
| ५ | संचार माध्यमबाट पोषण सम्बन्धी जानकारी गराउने | नगर स्तर | १ | वटा | १५ | १५ | | १ | | | १५ | | |
| ६ | सचेतनामुलक पोष्टर , पम्पलेट छपाई तथा बिबिध | नगर स्तर | १ | वटा | ५० | ५० | | √ | | | ५० | | |
| ७ | स्वयंसेवक परिचालन | | | | | | | | | | ० | | सा.प परिचालन |
| | कृषि बिकास | | | | | | | | | | | | |
| ८ | १००० दिनका घरपरिवारलाइ करेशाबारी तथा जैविक मल तथा विसादी बनाउने बारे तालिम ( ४ इभेन्ट तालिम गत वर्ष कार्यकम संचालन भएका वडाहरुमा फलोअप समेत गर्ने गरी) | वडा स्तर | १४ | वडा | २८ | ३९२ | | √ | √ | कृषि | ३९२ | | |
| ९ | १००० दिनका ३०० घरपरिवारमा मौसमी तरकारीको बिउ र मेवाको बिरुवा बितरण | वडा स्तर | ९ | वडा | १२ | १०८ | | √ | √ | | १०८ | | |
| | पशुसेवा | | | | | | | | | | | | |
| १० | १००० दिनका आमाहरुलाई कुखुरा बितरण | वडा स्तर | ५ | वडा | ११५ | ५७५ | | √ | √ | पशु | ३२५ | २५० | |
| | महिला तथा बालबालिका | | | | | | | | | | | | |
| ११ | गर्भवति महिलाहरुको लागि सुरक्षित मातृत्व र पोषण सम्बन्धी तालिम | वडा स्तर | १० | वटा | २८ | २८० | | √ | √ | म.बा | २८० | | |
| १२ | श्रीमान श्रीमतीहरुलाई सम विकास र पोषण सम्बन्धी तालिम | वडा स्तर | १० | वटा | २८ | २८० | | √ | √ | | २८० | | |
| | शिक्षा क्षेत्र | | | | | | | | | | ० | | |
| १३ | बालबिकासका बालबालिकाका अभिभावकहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण | वडा स्तर | ५ | वटा | २८ | १४० | | √ | √ | | १४० | | |
| १४ | किशोरीहरुको लागि प्रजनन स्वास्थ्य तथा पोषण सम्बन्धी अभिमुखीकरण | वडा स्तर | ५ | वटा | २८ | १४० | | √ | √ | शिक्षा | १४० | | |
| १५ | बालबिकास सहजकर्ताहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण | नगर | २ | वटा | ४० | ८० | | √ | √ | | ८० | | |
| | खानेपानी तथा सरसफाइ | | | | | | | | | | | | |
| १६ | पानीको गुणस्तर जांच, शुद्धिकरण एवं सरसफाइ कार्यकम दलित तथा विपन्न १००० दिनका परिवार भएको बस्तीमा | वडा स्तर | ५ | वटा | ५० | २५० | | √ | √ | खा.पा | | २५० | |
| | जम्मा | | | | | २७५० | | | | | २००० | ७५० | |